# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल मंसिर २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | क. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम प्रदेश स्वास्थ्य सेवा, अधिकृतस्तर एघारौं तहमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि बढुवा सिफारिस भएका ४ जना कर्मचारीहरूलाई मिति २०८०/०४/१२ गते देखि जेष्ठता कायम हुने बढुवा नियुक्ति गरी पदस्थापन गर्ने।<br>ख. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम प्रदेश प्रशासन सेवा, अधिकृतस्तर एघारौं तहमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि बढुवा सिफारिस हुनु भएका १ जना कर्मचारीलाई मिति २०८०/०८/१३ गते देखि जेष्ठता कायम हुने गरी नियुक्ति र पदस्थापन गर्ने। |
| २. | "बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| ३. | प्रदेश सहकारी ऐन, २०७६ को दफा १२० को उपदफा (१) को खण्ड (ठ) बमोजिम देहाय बमोजिमका व्यक्तिहरूलाई प्रदेश सहकारी विकास बोर्डको सदस्यमा मनोनयन गर्ने।<br>देहाय:<br>१. श्री जितेन्द्र महर्जन, कीर्तिपुर नगरपालिका वडा नं ९, काठमाडौं - सदस्य<br>२. श्री बिमला पोखरेल, चन्द्रागिरि नगरपालिका वडा नं २, काठमाडौं - सदस्य<br>३. श्री सकुन्तला गोपाली, थाहा नगरपालिका वडा नं. ३, मकवानपुर - सदस्य |
| ४. | "सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ५. | "गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०" स्वीकृत गर्ने। |
| ६. | "प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली, २०८०" स्वीकृत गर्ने। |
| ७. | "अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल मंसिर १२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम निम्न मन्त्रालय एवम् कार्यालयहरूको यसै साथ संलग्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनहरूमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने।<br>१. आर्थिक मामिला तथा योजना मन्त्रालय<br>२. सामाजिक विकास मन्त्रालय<br>३. श्रम, रोजगार तथा यातायात मन्त्रालय<br>४. प्रदेश सभा सचिवालय<br>५. मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ३. | "मानव बेचविखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेश स्तरीय संरक्षण नीति, २०८०" स्वीकृत गर्ने। |
| ४. | "बागमती प्रदेश बालबालिका सम्बन्धी नीति, २०८०" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।